चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड:९, सङ्ख्या:२, मिति:२०८२ साल श्रावण १८**

## भाग-२

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

चैनपुर नगरपालिकाको (प्रशासकीय कार्यविधि नियमित) गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको कार्यविधि नं. २(दुई)

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०४/१८ गते
राजपत्रमा प्रकाशित मिति: २०८२/०४/१८ गते

## चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२

**प्रस्तावनाः**

चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ ।

**२. मूल कार्यविधिको दफा १ मा संशोधनः मूल कार्यविधिको दफा १ को सट्टा देहायको दफा १ राखिएको**

१.संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "चैनपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२" रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**३. मूल कार्यविधिको दफा २(ङ) मा संशोधनः मूल कार्यविधिको दफा २(ङ) को सट्टा देहायको दफा २(ङ) राखिएको**

२(ङ)"कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ।

**४. मूल कार्यविधिको दफा ३ मा संशोधनः मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको**

३.कार्यविधि लागू हुने क्षेत्र र सेवाः (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७), स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १८ बमोजिम कर्मचारी करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

(२) कार्यालयले देहायको सेवासँग सम्बन्धित कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) इन्जिनियरिङ सेवासँग सम्बन्धित

(ख) कृषि सेवासँग सम्बन्धित

(ग) पशु सेवासँग सम्बन्धित

(घ) वन सेवासँग सम्बन्धित

(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित

(च) सामाजिक परिचालक, सहजकर्ता वा अन्य सेवासँग सम्बन्धित

**५. मूल कार्यविधिको दफा ४ मा संशोधनः मूल कार्यविधिको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको**

४. छनौट सम्बन्धी व्यवस्थाः  दफा ३(२) बमोजिमका कर्मचारी  नगरपालिकाले करारमा राख्ने प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ

(१) कर्मचारीको अनुसूची-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी नगरपालिका, वडा कार्यालयको सूचना पाटी, स्थानीय/राष्ट्रिय पत्रपत्रिका तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमुना अनुसूची-३ बमोजिम हुनेछ । आवेदन दस्तुर चैनपुर नगरपालिकाको कार्यालय वा लोकसेवा आयोगको समान तह/पदका लागि निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम  पर्न आएका आवेदनहरू देहायको आधारमा दफा ५ को समितिले लिखित परीक्षा लिई नतिजा प्रकाशन गर्नुपर्नेछः

क. विज्ञापन प्रकाशित गरी आवेदन परेका मध्येबाट कर्मचारी छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी परीक्षा लिइनेछ ।

ख. उपदफा ४ को उपदफा ३(क) बमोजिमको परीक्षामा सहभागी उम्मेदवारले उत्तीर्ण हुन कम्तीमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

ग. लिखित परीक्षाको समय ४५ मिनेटको हुनेछ ।

घ. दफा ३(२) बमोजिमको पदहरूको पाठ्यक्रम सम्बन्धित पदको लागि लोकसेवा आयोगले निर्धारण गरे वा दफा (५) बमोजिमको समितिको निर्णय अनुसार हुनेछ ।

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि सम्बन्धित निकायबाट जारी भएको व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेको व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

(५) पहिलो चरणको परीक्षाबाट उत्तीर्ण उम्मेदवार मध्ये माग पद संख्याको तीन गुणा संख्यामा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । यदि प्राप्ताङ्क बराबर अङ्क प्राप्त गर्ने सम्म सबैको नाम दोस्रो चरणको लागि प्रकाशित गरिनेछ ।

(६) सङ्घीय र प्रदेश सरकारबाट कार्यविधि निर्माण भई उम्मेदवार छनौट गर्नुपर्ने भएमा सोही बमोजिम हुनेछ ।

(७) पदपूर्ति समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरू मध्येबाट निम्न बमोजिम अङ्क प्रदान गरी एकमुस्ट गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गर्नुपर्नेछ ।

क. शैक्षिक योग्यता वापत-६० (साठी) अङ्क,

(विशिष्ट श्रेणी बापत ६०, प्रथम श्रेणी बापत ५५, द्वितीय श्रेणी बापत ५०, तृतीय श्रेणी बापत ४५, (त्रिभुवन विश्वविद्यालयको अङ्क गणनाका आधारमा) । तर परीक्षार्थीको अङ्क GPA मा उल्लेख भएको भए सो GPA लाई २५% ले गुणा गरी प्राप्त अङ्कको ६०% देखी पहिलो श्रेणी, ४५% देखि दोस्रो श्रेणी र ३२% देखि तेस्रो श्रेणी कायम गरी मूल्याङ्कन गरिनेछ ।

ख. कार्य अनुभव वापत-१० (दश) अङ्क

(अनुभव बापत प्रति वर्ष २ अङ्कको दरले बढीमा १० अङ्क प्रदान गरिनेछ । यसरी अङ्क प्रदान गर्दा चानचुन अवधिलाई दामासाही हिसाब गरी अङ्क प्रदान गरिनेछ । उम्मेदवारले कार्य अनुभवको अवधि खुलेको कागजातको प्रमाणित विवरण आवेदनमा संलग्न गरेको हुनु पर्नेछ ।)

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम- १० (दश) अङ्क

१.चैनपुर नगरपालिकाको स्थायी बासिन्दा भएमा-१० अङ्क

२.चैनपुर नगरपालिका बाहेकको संखुवासभा जिल्लाको स्थायी बासिन्दा भएमा-५ अङ्क

घ. अन्तर्वार्तामा प्रदान गरिने अधिकतम-२० अङ्क ।

यस अनुसार अङ्क प्रदान गर्दा न्यूनतम ८( आठ) र अधिकतम १४ (चौध) अङ्कको सीमा भित्र रही प्रदान गर्नु पर्नेछ ।

ङ. प्रयोगात्मक परीक्षाः प्रयोगात्मक परीक्षामा प्रदान गरिने अधिकतम अङ्क ५०(पचास)

नगरपालिकालाई आवश्यक पर्ने कुनै पद करारमा पूर्ति गर्दा प्रयोगात्मक परीक्षासमेत लिनु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम सम्बन्धित सेवा समूहको विषय विज्ञको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन गरी प्रयोगात्मक परीक्षा लिइने छ । र उक्त परीक्षामा उत्तीर्ण हुन कम्तीमा ४०% अङ्क ल्याउनु पर्नेछ ।

च. लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षामा सहभागीलाई सहभागिताको व्यहोरा जनाई हाजिर गराउनु पर्नेछ । साथै अन्तर्वार्ताको दिनमा भाग लिन आउने परीक्षार्थीले सक्कल प्रमाण पत्र तथा अनुभव सम्बन्धी कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

**६. मूल कार्यविधिको दफा ५ मा संशोधनः मूल कार्यविधिको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको**

५. पदपूर्ति समितिः करारमा कर्मचारीको पदपूर्तिको लागि विज्ञापन प्रकाशन देखि सिफारिस गर्न देहायको पदपूर्ति समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषय विज्ञको रूपमा सरकारी सेवा/नगरपालिकामा रहेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(ग) प्रशासन शाखा -सदस्य सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञको रूपमा कसैलाई समितिको बैठक तथा परीक्षा कार्यक्रमका लागि आमन्त्रण गर्न सक्नेछ।

(घ) परीक्षा सम्पन्न गर्ने सम्बन्धमा सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने अधिकार पदपूर्ति समितिमा रहनेछ।

(ङ) पदपूर्ति समितिले परीक्षा सञ्चालन गरी उम्मेदवार सिफारिस गर्ने प्रक्रिया सम्मको लागि आवश्यक बैठक, परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायतको प्रशासनिक खर्चको व्यवस्थापन कार्यालयबाट गरिनेछ ।

**७. मूल कार्यविधिको दफा ६ मा संशोधनः मूल कार्यविधिको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको**

६. अन्तिम नतिजा प्रकाशन गर्नेः (१) दफा ४ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरूको रोल नं. , नाम, थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिस भएका उम्मेदवारहरूको सूची सूचना पाटी र वेबसाइटमा राख्नु पर्नेछ। तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सिफारिस गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नु पर्नेछ।

**८. मूल कार्यविधिको दफा ७, ८ र ९ मा संशोधनः** दफा ७,८ र ९ को विभिन्न उपदफाहरूमा रहेको "**सूचीकृत**", "**छनौट, अन्तर्वार्ता तथा सिफारिस समिति**" र "**प्राविधिक कर्मचारी**" वा "**प्राविधिक करार कर्मचारी**" भन्ने शब्दहरू हटाई क्रमशः "**सिफारिस**", **पदपूर्ति समिति**" र "**कर्मचारी**" शब्द राखिएको छ।

**९. मूल कार्यविधिमा प्रदेश नं. १ भन्ने शब्दहरू रहेकोमा कोशी प्रदेश, विराटनगर नेपाल राखिएको छ।**

**१०. मूल कार्यविधिको अनुसूची-३ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-३ मा देहायको विवरण थप गरिएको छ।

उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरणः

| पदः | वि.नं. | सेवा समूहः | तह |
| --- | --- | --- | --- |
| | | | |

**आज्ञाले,**
**ओमकार प्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**